जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १०४ २०८२ साल मंसिर ४ गते बिहीबार (20 Nov 2025 Thursday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : मोटोपनले अस्वस्थ ... ३ पृष्ठमा : अदालतले परमादेश जारि ... ३ पृष्ठमा : शेख हसिनालाई सुपुर्दगी ...

## पर्याप्त दाइजो नल्याएको भन्दै विहे भएको चार महिना मै महिला घर निकाला

**दैनिक समाचारदाता**
**राजविराज, ३ मंसिर ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ सडेपारकी एक महिला पर्याप्त दाइजो नल्याएको भन्दै ससुराली पक्षबाट प्रताडित भएकी छिन ।

बुधवार पत्रकार सम्मेलनको आयोजना गरी २२ बर्षिया सुमन कुमारी मण्डलले श्रीमान राधेश्याम, ससुरा शत्रुघन, सासु सोभा र नन्द अनिताले मागे जतीको दाईजो नल्याएको भन्दै निर्घात कुटपीट गर्दै घर निकाला समेत गरिदिएको गुनासो पोखेकी छिन । विहे भएको चार महिना नबित्दै कुटपीट गर्दै आफूलाई घर निकाला समेत गरिदिएको उनले सुनाइन् ।



सप्तरीको विष्णुपुर गाउँपालिका ५ मझाउ टोल माईती भएकी सुमनको २०७८ साल फागुन २९ गते तिलाठी कोईलाडी गाउँपालिका ७ सडेपारका राधेश्यामसँग विवाह भएको थियो । दुबै पक्षका अभिभावकको सहमतीमा भएको विवाहमा २ लाख ५० हजार नगद, आधी तोला सुनको गरगहना, लत्ताकपडा, भाँडाकुडा र फर्निचर लगायतका सामग्री दिएको सुमनका बुबा कृष्णदेवको भनाई छ ।

तर थप दाईजोको रुपमा गाउँ मै आफ्नो नाममा रहेको ५ कठ्ठा जग्गा माग्दै दवाव दिन थालिएको र असमर्थता व्यक्त गरेपछि छोरीलाई शारिरीक, मानसिक यातना दिन थालिएको बुबा कृष्ण देवले सुनाए ।

उनले छोरीलाई यसरी यातना दिनेमाथी कारवाहीको माग गर्दै न्यायका लागी प्रहरी हुदै अदालत सम्म पुगेको बताएका छन । पत्रकार सम्मेलनमा सुमनले घर निकालामा परेको लामोसमय समाजिक स्तरमा मिलाउने प्रयास मै विते पनि सफल नभएपछि ढिलो गरी न्यायका लागी सरोकारावाला निकायमा पुग्न थालेको बताएकी छिन ।

आफु रंगले गोरो नभइ काली भएकीले विहे गरेको पहिलो दिन देखी नै श्रीमानबाटै तिरस्कारको सुरुआत भएको उनको कथन छ । त्यसपछी दाईजोको निहुँमा पुरै परिवारले यातना दिन थालेको उनले सुनाईन ।

सुमनलाई ससुराली पक्षले घरमा राख्न अस्विकार गरेपछी उनी लामो समय देखी माईती मै बस्दै आएकी छिन । उनले न्याका लागी पहल गरिदिन सबैसँग आग्रह गरेकी छिन । यसबारे उनका श्रीमान राधेश्याम सँग पटक/पटक जानकारी लिने प्रयास गर्दा सम्पर्क हुन सकेन ।

## मधेश प्रदशेका सभामुख मण्डल पदमुक्त



**दैनिक समाचारदाता**
**जनकपुर, ३ कात्तिक ।**

मधेस प्रदेश सभाको सभामुख रामचन्द्र मण्डल पदमुक्त भएका छन् । पदीयअनुकूलको आचरण नगरेको भन्दै सात राजनीतिक दलले दर्ता गराएको प्रस्ताव पारित भएसँगै उनी पदमुक्त भए हुन् ।

प्रस्तावको पक्षमा ७६ मत परेको थियो भने विपक्षमा शून्य मत परेको थियो । बुधबारको बैठकमा ७८ जना प्रदेश सभा सदस्य उपस्थित थिए । दुईतिहाइभन्दा बढी मत परेको र पारित भएको उपभामुख बबिता राउत ईशरले घोषणा गरिन् ।

प्रस्ताव पारित भएपछि सभामुख मण्डल स्वतः पदमुक्त भएको उपसभामुखले घोषणा गरिन् । नेकपा एमालेसहित सत्ताधारी दलहरु बैठकमा उपस्थित भएनन् । बैठकको प्रारम्भमा एमालेकी प्रदेश सभा सदस्य शारदा थापा उपस्थित भएर बैठक सञ्चालन भएपछि सरकार पक्षविना बैठक सञ्चालन भएको भन्दै नियमापति जनाएकी थिइन ।

त्यसपछि बैठक १० मिनेटका लागि स्थगित भएको थियो । फेरि बैठक सुरु भएपछि थापा उठेर हिँडिन् । प्रस्तावको पक्षमा सात दलले समर्थन जनाएका थिए । प्रस्तावको समर्थन गर्ने अधिकांश प्रदेश सभा सदस्यले सभामुखको चर्को आलोचना गरेका थिए ।

सभामुखले पदीय आचरण नगरको भन्दै, नेपाली कांग्रेस, जसपा नेपाल, माओबादी केन्द्र, लोसपा नेपाल, नेकपा एकीकृत समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीले प्रस्ताव दर्ता गराएका थिए ।

बैठकमा जनमत पार्टीबाट विभाजित भएर बनेको जनस्वराज पार्टीमा सनाखत गरेका मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंह, पूर्वमन्त्री त्रिभुवन साहसमेत सहभागी थिए । सर्वोच्च अदालतले पार्टी विभाजनलाई मान्यता नदिएपछि पहिलोपटक उनी जनमत पार्टी बस्ने लहरमा गएर बसेका थिए ।

## खानेपानी संस्थान कार्यालयमा पुनः तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, ३ मंसिर ।**

राजविराजस्थित खानेपानी संस्थान कार्यालयमा बुधवार पुनः तालाबन्दी गरिएको छ । तीन दिन अघि जेनजी समुहले लगाइएको ताल्चा अघिल्लो दिन मंगलवार स्थानीय प्रशासनको पहलमा फुटाइए पछी विरोधमा उत्रेका जेनजी समुहका युवाहरुले पुनः तालाबन्दी गरेका हुन ।

स्थानीय प्रशासनले ताला फुटाएको विरोधमा प्रर्दशनमा उत्रेका जेनजी समुहका युवाहरुले बुधवार कार्यालय खुल्नासाथ पुनः तालाबन्दी गरेका हुन ।

कार्यालयमा तीन अघि जेनजी समुहका अगुवाहरुद्वारा लगाइएको ताल्चाका कारण सेवा प्रवाहमा समस्या भएको भन्दै जिल्ला प्रशासन कार्यालयको निर्देशनमा ताल्चा फुटाइएको थियो ।

बल प्रयोग गरी सहमती बिनै ताल्चा खोल्नुले आफुहरुको मागको वेवास्ता तथा आन्दोलनको अपमान भएको भन्दै जेनजी समुहले पुनःतालाबन्दी गरेको जेनजी अगुवा मुस्तिकिम आलमले बताए ।

संस्थानको सेवामा सुधार तथा निमित्त कार्यालय प्रमुख राजाराम यादवको सरुवा रोक्नु पर्ने लगायतका माग राखी जेनजी समुहका अगुवाहरुले तीन दिन अघि संस्थानको राजविराज स्थित कार्यालयमा तालाबन्दी गरेका थिए ।

नेपाल खानेपानी संस्थान कार्यालयमा देखिएको विवाद समाधानका लागी जेनजी समुहका अगुवाहरुलाई राखी छलफल भईरहेको र छिट्टै समाधान निस्कीने प्रमुख जिल्ला अधिकारी टुवराज पवोखरेलले जानकारी दिएका छन ।

**सडक दुर्घटनाबाट बचौं र बचाऔं ।**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### क्रिकेटमा पनि भविष्य छ

नेपालमा क्रिकेट खेलप्रति आकर्षण निकै बढ्दो छ । एक समय थियो नेपालमा क्रिकेटका लागि खेलमैदान पनि थिएन् । जसोतसो खेलाडीहरु आफ्नै घरबाट खाएर र अभिभावककै आर्थिक भरमा खेल्न बाध्य थिए । तर अहिले ती सबै अवस्थालाई चिर्दै आफ्नै अत्याधुनिक सुविधा सम्पन्न खेलमैदानका साथै खेलाडी पनि यसै खेलमा भविष्य बनाइरहेका छन् । व्यावसायिक खेलकुद प्रतियोगितामध्ये सबैभन्दा ठूलो मानिएको नेपाल प्रिमियर लिग एनपिएल क्रिकेट प्रतियोगिताको दोस्रो संस्करणमा विश्वकै क्रिकेटप्रेमीहरुको ध्यान नेपालतर्फ आकृष्ट भएको छ । फ्रेन्चाइज प्रतियोगिताका रुपमा व्यावसायिक प्रतिष्ठानहरुका साथै निजी क्षेत्रबाट करोडौं लगानी गरिएको एनपिएल क्रिकेटको पहिलो संस्करणको सफलतापछि हिमालय महोत्सवका रुपमा दोस्रो प्रतियोगिताको सुरुआत भएको छ ।

यसपालि एनपिएलबाट क्यानले करिब ४० करोड आम्दानी गर्ने लक्ष्य राखेको छ । क्यानले आठ वटा टिमसँग १० वर्षको सम्झौता गरेको छ । यसपटक ती सबै टिमबाट रु नौ करोड प्राप्त हुने क्यानले जनाएको छ । एनपिएलका लागि विभिन्न प्रायोजकसँग रु १५ करोड ४० लाखको सम्झौता गरिएको छ । क्यानले नयाँ प्रयोगमा ल्याएको डिजिटल प्लेटफर्मको ओटिटीबाट रु पाँच करोड ३० लाख प्राप्त गर्नेछ । यसपालि घरेलु प्रसारणबाट रु एक करोड प्राप्त हुनेछ । गतवर्ष एनपिएल क्रिकेटको पहिलो दिनमै ठूलो सङ्ख्यामा दर्शकहरु कीर्तिपुर रङ्गशालामा उपस्थित भएपछि आयोजकहरुलाई व्यवस्थापन गर्न चुनौतीपूर्ण अवस्था सिर्जना भएको थियो ।

तसर्थ क्रिकेटप्रति बढ्दै गएको मोहलाई अझ प्रगाढ बनाउन हातेमालो गर्नु सम्पूर्ण नेपालीहरुको कर्तव्य हो । एनपिएल क्रिकेट प्रतियोगिताको माध्यमबाट नेपालले विश्वभर एउटा छुट्टै पहिचान बनाउन सफल भएको छ । यति मात्र नभएर नयाँ पुस्ताले अहिले जागिर, व्यवसायी भन्दा पनि क्रिकेट खेलमै भविष्य बनाइरहेक छन् । यो नयाँ नेपालको उपलब्धी पनि हो ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मोटोपनले अस्वस्थ महिला

**डा अरुणा उप्रेती**

काठमाडौं, ३ मङ्सिर (रासस) । अस्पतालमा नेपाली महिलाहरूको पेट, कलेजोको जाँच गर्दा ५७ प्रतिशत महिलाको कलेजोमा बोसो जमेपछि भविष्यमा चाँहि स्वास्थ्यको समस्या आउन सक्ने सम्भावना हुन्छ । अहिले नेपालमा प्रायः मानिसहरूले मुटुको रोग, मिर्गौला, मधुमेह, क्यान्सर आदिको बारेमो सुनेका छन् । 'मुटुको स्वास्थ राम्रो राख्न के खानुपर्छ, कस्तो व्यायाम गर्नुपर्छ' भनेर छलफल पनि भइरहन्छ तर कलेजो अस्वस्थ भयो भने कसरी समस्या पर्न सक्छन्, कलेजो स्वस्थ पार्न कस्ता खानेकुरा खाने भन्नेबारे पनि त्यति छलफल हुँदैन ।

कलेजो शरीरको यस्तो कारखाना हो, जसले शरीरको विषालु तत्वलाई बाहिर लैजाने काम गर्छ । शरीरभित्रको सबभन्दा ठूलो अङ्ग हो कलेजो, तर धेरै बेवास्ता गरिएको छ । यदि कलेजो अस्वस्थ भयो भने शरीरभित्रका विषालु तत्व बाहिर निस्कन पाउँदैन । अनि शरीरभित्र अनेक समस्या सुरु हुन्छ ।

नेपाली महिलाहरूको अहिले सरदर आयु ७२ वर्ष रहेको सरकारको पछिल्लो तथ्याङ्कले देखाएको छ । नेपाली महिलाको सरदर आयु यति वर्ष हुनु जनस्वास्थको दृष्टिकोणले सफलता मान्न सकिन्छ । तर अर्कोतिर उनीहरू अस्वस्थ पनि बन्दैछन् । पछिल्लो सरकारी तथ्याङ्कले के देखाउँछ भने ३५ प्रतिशत नेपाली महिला मोटोपनको शिकार भएका छन् । त्यस्ता महिलाहरू प्रायः नेपालका ठूलो सहरहरूमा रहेका छन् । खासगरी धनी परिवारका ५३ प्रतिशत र गरिब परिवारका २० प्रतिशत महिलामा यो समस्या देखिएको छ । गाउँघरका गरिब महिलाहरूको कार्यबोभ, धेरै रहे पनि अहिले पत्रु खाना धेरै खाने भएकाले उनीहरूमा पनि मोटोपनको समस्या देखिन थालेको छ ।

ठूला सहरका महिलाहरू व्यापार, सरकारी र गैरसरकारी संस्था, सेवाप्रदायक (अस्पताल, होटेल, शिक्षक, घरको काम) आदि काम गर्छन् । एक प्रकारले नेपाली महिलाले देशको आर्थिक विकासमा ठूलो टेवा पुऱ्याएका छन् । त्यसले हाम्रो समाजमा धेरै परिवर्तन भइसकेको छ भन्ने पनि देखाउँछ तर यसरी महिलाहरू देश र समाजमा विकासको काममा व्यस्त हुँदा उनीहरूको स्वास्थमा मोटोपनले गर्दा भविष्यमा ठूलै स्वास्थ्य समस्या आउने सम्भावना देखाएको छ । पैतीस प्रतिशत नेपाली महिला मोटोपनको शिकार हुनु र अस्पतालमा जाँच गर्न आएका ५७ प्रतिशत महिलाको कलेजोमा बोसो जमेको देखिनुले नेपाली महिलाको खराब स्वास्थ भन्ने कुरा इङ्कित गर्छ । कोही अतिप्रिय व्यक्तिलाई 'मेरो आँखाको नानी, मुटुको टुक्रा, कलेजोको टुक्रा' भन्ने चलन नै छ । कति महत्व रहेछ त मुटु र कलेजोको । तर त्यही कलेजो र मुटु मोटोपनले बिग्रने के समस्याप्रति कमैको ध्यान गएको देखिन्छ ।

आर्थिक रुपमा सबल महिलाहरू मात्र होइन, कतिपय ठाउँमा आर्थिक रुपमा असक्षम महिलाको पनि कलेजोमा समस्या पर्न सक्छ । "कलेजोमा बोसो जम्नुको प्रमुख कारणमध्ये मोटोपन, भोजन, शारीरिक रुपमा धेरै सक्रिय नहुने, विभिन्न किसिमका औ▪ षधि पनि हुन सक्छ", भारतका प्रसिद्ध कलेजोविज्ञ डा एस के सरिन भन्नुहुन्छ, "जसरी मुटु खराब हुँदा अनेक समस्या पर्छ त्यसैगरी कलेजोको स्वास्थले सम्पूर्ण स्वास्थको झलक देखाएको हुन्छ ।" उहाँले कलेजो स्वस्थ राख्न के गर्न सकिन्छ भनेर लेख्नुभएको आफ्नो किताबमा पहिलेपहिले ग्रिक समुदायमा मुटु, फोक्सो होइन, कलेजो शरीरको एक अति महत्वपूर्ण अङ्ग भनेर त्यसलाई पूजासमेत गर्ने चलनबारे उल्लेख छ । सो किताबमा पनि कसरी 'मोटोपन' ले गर्दा मुटुमा मात्र समस्या पर्ने होइन, कलेजोमा पनि समस्या पर्छ भनिएको छ । जब शरीरको विषालु तत्व निस्कासन गर्ने कारखानामा नै समस्या पर्छ, यसले मधुमेहको समस्या पर्नसक्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

डा सरिनको अनुभवले भन्छ-महिलाहरू र पुरुषको कमर यदि क्रमशः ३५ सेमी, ३८ सेमीभन्दा बढी छ भने त्यस्ता व्यक्तिहरूको कलेजोमा समस्या हुनसक्ने सम्भावना एकदम बढी हुन्छ" । कलेजोमा बोसो जम्ने प्रमुख कारण 'रक्सी' हो । तर रक्सी नखाने व्यक्तिहरूमा पनि कलेजोमा बोसो जम्ने समस्या देखिन्छ । यसको प्रमुख कारण नै पत्रु खाना, धेरै गुलियो, चिल्लो, तारेको खाना हो । कलेजो र मधुमेहको बीचको सम्बन्धलाई लिएर धेरै अनुसन्धान भएको छ ।

डा रबर्ट लस्टिग नामक अमेरिकन बालरोग विज्ञले पनि आफ्नो किताब मेटाबोलिकलमा लेख्नुभएको छ-शरीरमा चिनीको मात्र धेरै हुँदा मुसा र मानिसमा डिप्रेशन" (मानसिक अस्वस्थता) भएको देखाएको छ । चीन र युरोपमा गरिएको अनुसन्धानले सावित गरेको छ कि अति प्रशोधित भोजन (पत्रु भोजन) प्रयोग गर्दा डिप्रेशन देखिन्छ । कति जना व्यक्तिहरू व्यायाम पर्याप्त गरेपछि जे जति खाए पनि हुन्छ भन्ने गर्दछन् । यस कुरालाई केही वर्षअघिको एक अनुसन्धानले गलत प्रमाणित पारिदिएको छ ।

फिनल्याण्डका सामी इनकिनेन भन्ने एक व्यक्ति जो विश्व प्रसिद्ध 'टाकिया' कम्पनिको मालिकमध्येका एक थिए । उनले अमेरिका आएर आफ्नो व्यापार सुरु गरेका थिए । अर्बौपति उनी एक दिनमा पाँच घण्टा व्यायाम गर्थे तर ३८ वर्ष नहुँदै उनलाई स्वास्थ समस्या देखापऱ्यो । रगत जाँच गर्दा उनलाई रगतमा चिनीको मात्रा धेरै देखियो । मधुमेह नै चाँहि भइसकेको थिएन । त्यही व्यायाम गर्ने व्यक्तिलाई पनि शरीरमा चिनीको मात्रा कसरी अत्यधिक भयो भनेर विचार गर्दा थाहा भयो । अनुसन्धानबाट उनलाई खेलाडीहरू पिउने इनर्जी ड्रिङ्कको सेवनको कारणले यस्तो भएको थाहा भयो । यसको अर्थ केबल व्यायाम गरेर, खेल खेलेर मात्र हुँदैन, स्वस्थकर भोजनको पनि त्यति नै महत्व रहन्छ ।

नेपालको पछिल्लो तथ्याङ्कले करिब छ प्रतिशत किशोरीहरू अति 'मोटोपनको शिकार' भएका छन् भन्ने देखाएको छ । यी किशोरीहरू दाम्पत्य जीवनमा प्रवेश गर्दा, गर्भवती हुने समस्या पर्नसक्ने सम्भावना हुन सकिन्छ । काठमाडौं बत्तीसपुतलीकी एक ३० वर्षीया युवती ८० केजीकी थिइन् । उनको उचाइअनुसार उनी ५३ किलो मात्र हुनुपर्थ्यो । तेइस वर्षको उमेरमा विवाह भएको उनको सात वर्षसम्म पनि गर्भ रहेन । जाँच गर्दा उनको कलेजोमा पनि बोसो जमेको देखियो । चिकित्सकले उनलाई झण्डै २०-३० किलो घटाए मात्रै गर्भ रहने सम्भावना छ भन्ने सलल्लाह दिए । चिकित्सकको सल्लाहअनुसार एक वर्षमा चिनी, पत्रुखाना, धेरै बोसो भएको, कोल्ड ड्रिंक त्यागिन साथै योग गरेर २० किलो घटाउन सफल भइन् । तौल घटेपछि उनलाई भऱ्याङ चड्न पनि सजिलो भयो ।

तौल घटेसँगै उनको महिनावारी पनि समयमा हुन थाल्यो । पहिले कहिले दुई महिना, कहिले तीन महिनामा महिनावारी हुन्थ्यो । पहिले उनको पाठेघरको जाँच गर्दा पाठेघरमा पानीको फोकाजस्तो (जसलाई 'ओमारियन सिस्ट' भनिन्छ) देखापऱ्यो । जब उनको तौल घट्यो, उनको 'सिस्ट' पनि कम हुँदै गयो र उनको प्राकृतिक तरिकाले गर्भ रहन गयो, कलेजोमा जमेको बोसो पनि कम भयो र उनी र उनका श्रीमान् एकदम खुसी भएका थिए । चिकित्सकको सल्लाहले तौल घटाएपछि आफ्नो सम्पूर्ण स्वास्थमा नै सकारात्मक असर परेको भन्दै उनी निकै खुसी भएकी थिइन् ।

पहिले त उनलाई रक्सी खाने मानिसको मात्र कलेजो खराब हुन्छ भन्ने लाग्यो, पछि मोटोपनले गर्दा पनि कलेजो खराब भएपछि मधुमेहको समस्या पनि हुने रहेछ भन्ने थाहा भयो । मोटोपनले गर्दा प्रजनन स्वास्थमा समस्या पनि मेरो परेको रहेछ । उनीजस्ता कतिपय युवतीले किशोरावस्थामा नै मोटो हुँदा धेरै बास्ता गर्दैनन् तर पछि अनेक समस्या उनीहरूलाई आइपर्छ, अनि स्वास्थ्य परीक्षण गर्दा कसरी यस्तो भयो भन्ने थाहा लाग्छ । गर्भ नरहने समस्या भएपछि चिकित्सकसँग परीक्षण गराउन जान्छन् । आधुनिक प्रविधि प्रयोग गरेर गर्भवती हुनु पऱ्यो भने सबैलाई सहजै पूर्वक गर्भ नहुनसक्छ । पहिले अनेक किसिमका पत्रु खाना खाने, कोल्ड ड्रिंक खाने बालबालिका, किशोरकिशोरीलाई पनि कलेजो र मुटुमा समस्या पर्न जान्छ । अनि शारीरिक समस्या त पर्छ नै, अनेक मानसिक अस्वस्थ, तनाव पनि हुन सक्छ । त्यसैले मुटु, मिर्गौला र कलेजो स्वस्थ राख्न समयमै सबै सचेत हुन आवश्यक छ ।

*(लेखक जनस्वास्थ्यविद् हुनुहुन्छ)*

# मन्त्रालयमा हाजिरीमा सीमित छन् फिर्ता बोलाइएका राजदूत

काठमाडौं, ३ मङ्सिर (रासस) । सरकारले परराष्ट्र मन्त्रालयमा कामकाज गर्नेगरी फिर्ता बोलाएका राजदुतहरू हाल हाजिरीमा सीमित हुनुहुन्छ । वर्तमान सरकारले गत कात्तिक १७ गते ११ देशका नेपाली राजदूतहरूलाई कात्तिक २० गतेदेखि परराष्ट्र मन्त्रालयमै कामकाज गर्नेगरी फिर्ता बोलाउन पत्राचार गरेको थियो ।

सोहीअनुसार नेपाल आउनुभएका राजदूतहरूलाई मन्त्रालयमा कामकाज गर्नेगरी व्यवस्था मिलाइएको प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो । फिर्ता बोलाइएका ११ मध्ये चार जना राजदूतले पदबाट राजिनामा दिइसकेको र राजिनामा पनि स्वीकृत भइसकेको उहाँले बताउनुभयो ।

यद्यपि राजदूतहरूले भने आफ्नो दैनिकी हाजिर गरेर घर फर्कने मात्र भइरहेको बताएका छन् । नाम नबताउने शर्तमा एक जना राजदूतले आफूहरू सर्वोच्च अदालतको निर्णयको पर्खाइमा रहेको जानकारी दिनुभयो ।

गत असोज ३० गते बसेको मन्त्रिपरिषद् बैठकले राजनीतिक नियुक्ति लिएका ११ राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । सरकारको उक्त निर्णय कानुनसम्मत नभएको भन्दै सर्वोच्च अदालतमा रिट परेको थियो । उक्त मुद्दाको प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतले निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो । सर्वोच्च अदालतको आदेशपछि सरकारले पत्र पठाउँदै उहाँहरूलाई मन्त्रालयमा काजमा बोलाएको थियो ।

सरकारले काजमा

*बाँकी तीन पृष्ठमा*

# अदालतले परमादेश जारि गरेको उद्योग सञ्चालनपछि स्थानीयद्वारा तालाबन्दीले तनाव

**दैनिक समाचारदाता**
**सुनसरी, ३ मंसिर ।**

सुनसरीको दुहबी नगरपालिका ६ स्थित एशियन लेदर ईन्डस्ट्रिजमा अनिश्चितकालीन तालाबन्दी गरेको कारण यतिवेला स्थानीय र उद्योगीबिच तनाब बढेको छ ।



संविधानले प्रदान गरेको स्वच्छ वातावरणसम्बन्धी मौलिक हक प्रत्याभूति गर्न माग गर्दै इन्सेकले एशियन लेदर ईन्डस्ट्रिजसहित प्रदेश सरकारविरुद्ध उच्च अदालत विराटनगरमा परमादेश लगायतको आदेशका लागि रिट दायर गरेको मुद्दा चलिरहेको छ ।

उद्योगले वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन नगर्दा संविधानले प्रदान गरेको स्वच्छ वातावरणसम्बन्धी मौलिक हकबाट स्थानीय वञ्चित हुनु परेको भन्दै उद्योग र प्रदेश सरकारविरुद्ध इन्सेक कोशी प्रदेशले अदालतमा २०८२ असार ८ गते परमादेशको रिट दर्ता गराएको छ ।

उच्च अदालतले असोज २७ गतेका लागि पेशी तोकेकोमा भदौ २३ र २४ गते जेनजीको आन्दोलनका बेला उच्च अदालत विराटनगरमा आगजनी भएको थियो । आगजनीमा मुद्दा अभिलेख र विवरण जलेसँगै दुहवी नगरपालिका ६ मा रहेको उद्योगसहित प्रदेश सरकारविरुद्ध उच्च अदालत विराटनगरमा दर्ता भएको परमादेशको रिट टुंगो लाग्न सकेको छैन् ।

यसैबीच उद्योग सञ्चालनमा आएपछि स्थानीयवासीले तालाबन्दी गरेपछि तनाव सिर्जना भएको छ । उच्च अदालतमा दर्ता गरिएको रिटमा उद्योगसहित कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग कृषि तथा सहकारी मन्त्रालय र दुहवी नगरपालिकालाई विपक्षी बनाइएको छ । तर ०८२ मङ्सिर २ गते जिल्ला प्रशासन कार्यालय सुनसरी, प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयको वातावरण शाखा र दुहवी नगरपालिकाले दुहवी नगरपालिका ६ मा रहेको एशियन लेदरको अनगुमन गरेपछि पुन स्थानीय र उद्योगीबिच तनाब सिर्जना भएको छ ।

उद्योगका कारण फैलिएको दुर्गन्धले बस्न नसकिएको भन्दै छाला फ्याक्ट्री पीडित स॰ घर्ष समितिले २०८२ कात्तिक २६ गते एशियन लेदर उद्योगमा अनिश्चिकालीन तालाबन्दी गरेपछि मङ्सिर २ गते जिल्ला प्रशासन कार्यालय सुनसरी, प्रदेश सरकार र दुहवी नगरपालिकाले गरेको अनुगमनका क्रममा स्थानीयले टायर बालेर विरोध प्रर्दशन गरेपछि झडपको अवस्था सिर्जना भएको छ ।

उद्योगविरुद्ध उच्च अदालतमा मुद्दा चलिरहेको अवस्थामा कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालयको वातावरण शाखाले आइइइ प्रतिवेदन स्वीकार गरेपछि उद्योगमा तालाबन्दी गर्नुपर्ने अवस्था भएको छाला फ्याक्ट्री पीडित सङ्घर्ष समिति सचिव वासुदेव मण्डलले बताए ।

दुहवी नगरपालिका(६ मा रहेको एशियन लेदर उद्योग र युनाइटेड टेनेरिज उद्योगका कारण त्यस क्षेत्रमा स्थानीय वर्षौंदेखि पीडित हुँदै आएको स्थानीय बताउँछन् । छाला उद्योगले वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन नगर्दा पर्यावरणमा समेत प्रत्यक्ष प्रभाव पर्दै आएको छ ।

संविधानले धारा ३० मा प्रदान गरेको प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने मौलिक हक प्रत्याभूतिको माग गरिएको छ ।

इन्सेकले मौलिक हक कार्यान्वयनका लागि वातावरण संरक्षण ऐन, कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६, कोशी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था गरिएका शर्त र मापदण्डहरु कार्यान्वयनको माग रिट मार्फत गरेको छ ।

# राष्ट्रिय बालअधिकार आयोग स्थापनाको माग

काठमाडौँ, ३ मङ्सिर (रासस) ।

बालअधिकारका जानकारहरूले बालबालिकाको अधिकार संरक्षण तथा नियमनलाई प्रभावकारी बनाउन राष्ट्रिय बालअधिकार आयोग गठन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

बुधबार यहाँ आयोजित सिवीन नेपालको ३८औं वार्षिकोत्सव कार्यक्रमका सहभागीहरूले बालबालिकाको हकअधिकारकाका लागि विद्यमान संरचनाबाट प्रभावकारी काम हुन नसकेको गुनासो गर्दै उहाँहरूले अधिकार सम्पन्न आयोग गठनको माग गर्नुभयो ।

सिवीनका नेपालका संस्थापक अध्यक्ष एवं मानव अधिकार आयोगका पूर्वसदस्य गौरी प्रधानले नेपालको संविधानमा बालअधिकार सम्पन्न मौलिक हक भए पनि कार्यान्व्यन पक्ष प्रभावकारी नरहेको बताउनुभयो । उहाँका अनुसार बालबालिकाका लागि सहायता कक्ष (हेल्पडेक्स) देशभरि विस्तार गर्दै जानुपर्छ । "हामीले हेल्पडेक्सलाई देशभर पहुँच विस्तार गर्न सकिरहेका छैनौं", उहाँले भन्नुभयो, "राज्य बालबालिकाको भविष्यप्रति संवेदनशील हुनुपर्छ । यसका लागि महिला तथा बालबालिका मन्त्रालयमा पर्याप्त लगानी गर्नुपर्छ ।"

राष्ट्रिय बालअधिकार परिषद्का सदस्यसचिव इन्दिरादेवी ढकालले बालबालिकामा लगानी गर्नु भनेको भोलिको सक्षम राष्ट्र निर्माणमा लागनी गर्नुजस्तै महत्त्वपूर्ण र उपलब्धिमूलक रहेको धारणा राख्नुभयो । उहाँले हेल्पलाइन डेक्सलाई विस्तृत बनाउँदै बालबालिकाको शैक्षिक, शारीरिक र मानसिक स्वस्थ्य वृद्धि र विकासका कार्यक्रममा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा यस वर्ष टोखा नगरपालिकाले बालमैत्री कार्यक्रम सञ्चालन गरेको अवसरमा टोखालाई उत्कृष्ट बालमैत्री नगरपालिकाका रूपमा सम्मान गरिएको छ । नगरप्रमुख प्रकाश अधिकारीले सम्मान ग्रहणपछि आफ्नो नगरपालिकामा बालबालिकाको हितमा खुलेर लगानी गर्ने र जिम्मेवारपूर्ण कर्तव्य निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

चन्द्रागिरि नगरपालिकाका उपप्रमुख बसन्ती श्रेष्ठले चन्द्रागिरिलाई मङ्सिरभित्र बालश्रम मुक्त नगरपालिका घोषण गर्ने योजना रहेको जानकारी दिनुभयो । कार्यक्रममा राष्ट्रिय किशोरी सञ्जालका अध्यक्ष अनुष्का न्यौपाने र राष्ट्रिय किशोर सञ्जालका उपाध्यक्ष इमोन महर्जनले बालबालिकाले सही लागनी र उचित वातावरण पाए प्रतिभा विकसित हुन सहज हुने अनुभव सुनाउनुभयो ।

सिवीनका अध्यक्ष माधव प्रधानले अझै पनि बालबालिकालाई समान अधिकार वितरण गर्नबाट राज्य चुकिरहेको बताउनुभयो ।

***मन्त्रालयमा ...***

बोलाएका राजदूतहरूमा राजदूतहरूमा चन्द्रकुमार घिमिरे (संयुक्त अधिराज्य बेलायत), लोकदर्शन रेग्मी (संयुक्त राज्य अमेरिका) र दुर्गाबहादुर सुवेदी ( जापान) कृष्णप्रसाद ओली ( चीन), शैल रूपाखेती (जर्मनी), धनप्रसाद पण्डित (इजरायल), नेत्रप्रसाद तिमिल्सिना (मलेसिया), रमेशचन्द्र पौडेल (कतार), जङ्गबहादुर चौहान (रुस), नरेशविक्रम ढकाल (साउदी अरब), सनिल नेपाल (स्पेन), हुनुहुन्छ । उहाँहरूमध्ये घिमिरे, रेग्मी, ओली र पौडेलले राजिनामा दिनुभएको छ ।

## विश्व समाचार

### शेख हसिनालाई सुपुर्दगी गर्ने बङ्गलादेशको अनुरोधलाई भारतले जवाफ नदिने

वर्जिनिया (अमेरिका) ३ मङ्सिर (रासस/एएनआई) ।

बङ्गलादेशको अपदस्थ प्रधानमन्त्री शेख हसिनाका छोरा सजीव वाजेदले बङ्गलादेश सरकारले भारतलाई गरेको सुपुर्दगी अनुरोध अवैध भएको भन्दै नयाँ दिल्लीले यस विषयमा कार्य नगर्ने विश्वास व्यक्त गर्नु भएको छ । वाजेदले भारत सरकारलाई यो अनुरोधलाई कसरी सम्हाल्ने भनेर राम्रोसँग थाहा भएको जनाउदै भारत सरकारले यस्तो अवैध अनुरोधको जवाफ नदिने भन्दै भारतीय लोकतन्त्र र विधिको शासन माथी विश्वास व्यक्त गर्नु भएको छ ।

बङ्गलादेश अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले सोमबार शेख हसिना र उहाँका निकट सहयोगी, पूर्व गृहमन्त्री असदुज्जमान खानलाई मृत्युदण्डको सजाय सुनाएको छ । यसै गरी तेस्रो अभियुक्त, पूर्व प्रहरी प्रमुख चौधरी अब्दुल्ला अल-मामुनलाई सन् २०२४ मा जुलाई-अगस्ट विद्रोहको क्रममा "मानवता विरुद्धको अपराध" गरेकोमा राज्य साक्षी बनेको कारण पाँच वर्षको जेल सजाय सुनाइएको छ ।

हसिनाले आफ्नो विरुद्धमा गरिएको फैसलाको जवाफ दिँदै बिना निर्वाचन बनेको सरकारले स्थापना गरेको र अध्यक्षता गरेको धांधलीयुक्त न्यायाधिकरणले गरेको निर्णयमा कुनै लोकतान्त्रिक जनादेश नभएको बताउनु भएको छ । यस अघि, विदेश मन्त्रालयले शेख हसिनासँग सम्बन्धित बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले घोषणा गरेको फैसलालाई भारतले ध्यानमा राखेको र भारत बङ्गलादेशका जनताको सर्वोत्तम हितका लागि प्रतिबद्ध रहेको बताएको थियो ।

### गाजामा २१९ उपचार केन्द्र सञ्चालन, राहत तथा खोप अभियान द्रुतगतिमा

संयुक्त राष्ट्रसङ्घ, ३ मङ्सिर (रासस/सिन्ह्वा) ।

गाजामा हालैको अविरल वर्षा र जाडो मौसमलाई ध्यानमा राख्दै संयुक्त राष्ट्रसङ्घका मानवीय निकायहरूले राहतका रकमहरू तुरुन्तै उपलब्ध गराउन थालेका छन् । मानवीय समन्वय कार्यालय (ओसीएचए)ले जनाए अनुसार, अधिग्रहित प्यालेस्टाइनी भूभागका लागि ओसीएचए संयोजक रामिज अलाक्बारोभले अत्यावश्यक सहयोगका लागि ठूलो मात्रामा रकम छुट्याएका छन् । संयुक्त राष्ट्रसङ्घका मानवीय विषयका उच्च अधिकारी टम फ्लेचरले सुडान भ्रमणका क्रममा गाजामा रहेका आवागमनका सबै प्रकारका अवरोध हटाई अझ धेरै राहत तुरुन्तै लैजानुपर्ने माग गर्नुभयो ।

ओसीएचए अनुसार संयुक्त राष्ट्रसङ्घ र सहयोगी संस्थाहरूले टेन्ट, प्लास्टिक छाउनो, अस्थायी बासस्थानका सामानलगायत जीवनरक्षक सामग्री वितरण गरिरहेका छन् । प्रभावित परिवारहरूको अवस्था बुझ्न निरन्तर मूल्याङ्कन भइरहेको छ । अलाक्बारोभले उपलब्ध गराएको रकमले खाद्यान्न, पोषण, खानेपानी, स्वास्थ्य, बसोबास, संरक्षणलगायत ३० भन्दा धेरै योजनाहरू अघि बढ्न सहयोग पुगेको बताइएको छ ।

आइतबारसम्म गाझामा सञ्चालनमा रहेका उपचार सेवा केन्द्रहरूको संख्या २०० भन्दा कमबाट बढेर २१९ पुगेको छ । तीमध्ये १२ प्राथमिक उपचार केन्द्र, ६ उपचार बिन्दु र ४ अस्पताल उत्तरी क्षेत्रमा सञ्चालनमा छन् । नोभेम्बर ९ बाट सुरु भएको खोप अभियानअन्तर्गत पाँच दिनमै तीन वर्षमुनिका सात हजारभन्दा बढी बालबालिकाले खोप पाएका छन् । खाद्य सहयोग उपलब्ध गराउने संस्थाहरूका अनुसार, शनिबार मात्रै १९५ सामुदायिक भान्साहरूमार्फत लाखौं परिकार प्रभावित जनतालाई वितरण गरिएको छ ।

### विश्वको करिब आधा जनसङ्ख्या शहरमा बसोबास : संयुक्त राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ, ३ मङ्सिर (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घले मङ्गलबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार विश्वको ८.२ अर्ब जनसङ्ख्यामध्ये करिब आधा मानिस अहिले शहरमा बसोबास गर्छन् । 'विश्व शहरीकरण प्रतिवेदन सन् २०२५' ले विश्व सात दशकयता लगातार शहरी बन्दै गएको उल्लेख गरेको छ । सन् १९५० मा विश्वको जम्मा २० प्रतिशत जनसङ्ख्या मात्र शहरमा बस्थ्यो, तर अहिले यो दर बढेर ४५ प्रतिशत पुगेको छ । सन् १९७५ मा १० लाखभन्दा धेरै जनसङ्ख्या भएका ठूलो आकारका शहरहरू आठवटा मात्र थिए । सन् २०२५ सम्म आइपुग्दा ती सङ्ख्या बढेर ३३ पुगेका छन्, जसमा १९ वटा एसियामा पर्दछन् ।

प्रतिवेदनले इन्डोनेसियाको जाकार्तालाई विश्वकै सबैभन्दा धेरै बस्ती भएको शहर बताएको छ, जहाँ करिब ४२ लाखभन्दा बढी मानिस बसोबास गर्छन् । सन् २०५० सम्म यस्ता ठूलो आकारका शहरको संख्या ३७ पुग्ने अनुमान गरिएको छ । यद्यपि, प्रतिवेदनका अनुसार ठूलो शहरभन्दा साना र मध्यम आकारका शहरहरूमा धेरै मानिस बसोबास गर्छन् र ती शहरहरू अझ छिटो गतिमा बढिरहेका छन् । अध्ययनमा समावेश १२ हजार शहरमध्ये ९६ प्रतिशतमा १० लाखभन्दा कम जनसंख्या छ, र ८१ प्रतिशतमा २.५ लाखभन्दा कम जनसङ्ख्या रहेको पाइएको छ । विश्वभरका शहरहरूको सङ्ख्या सन् १९७५ देखि २०२५ सम्म दोब्बरभन्दा बढी बढेको छ । सन् २०५० सम्म यो सङ्ख्या १५ हजारभन्दा धेरै पुग्ने अनुमान छ, जसमा धेरै शहरहरूमा २.५ लाखभन्दा कम जनसङ्ख्या रहनेछ ।

साना बस्तीहरूमा बस्ने जनसङ्ख्या सन् १९५० मा ४० प्रतिशत भए पनि सन् २०२५ सम्म आइपुग्दा घटेर ३६ प्रतिशतमा पुगेको छ । ग्रामीण क्षेत्रमा बस्ने जनसङ्ख्या झरेर १९ प्रतिशत मात्र बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ । पाँच हजारभन्दा बढी जनसङ्ख्या र पर्याप्त घनत्व भएका बस्तीहरू ७१ देशमा सबैभन्दा सामान्य बस्ती प्रकार रहेका छन् । ग्रामीण बस्तीहरू भने १९७५ मा ११६ देशमा मुख्य बस्ती प्रकार भए पनि अहिले ६२ देशमा मात्र सीमित छन् । संयुक्त राष्ट्रसङ्घका वरिष्ठ अधिकारी ली जुनह्वाले भन्नुभयो,"शहरीकरण यो युगको निर्णायक शक्ति हो । यसको समावेशी र योजनाबद्ध व्यवस्थापनले जलवायु सुरक्षा, आर्थिक वृद्धि र सामाजिक समानताको नयाँ बाटो खोल्न सक्छ । त्यसैले प्रत्येक देशले आवास, भू-व्यवस्था, यातायात र सार्वजनिक सेवाहरूलाई शहर र गाउँ दुवै क्षेत्रमा मिलाएर अघि बढाउनुपर्छ ।"

